नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय

केन्द्रीय कार्यालय
मानभवन, ललितपुर, नेपाल

☎: ०१-५००८०४७
०१-५००८०४८

प.सं.: 066165
च.नं.: 232

मिति २०७७/११/१३

## छात्रवृत्तिका रुपमा शिक्षण शुल्क छुटका लागि आवेदन फारम आव्हानको सूचना

नेपाल खुला विश्वविद्यालय, व्यवस्थापन तथा कानून संकाय अन्तर्गत वि.स.२०७५ बर्षे समूहमा Master of Business Administration (MBA) र MS in Development Management and Governance (MSDMG) बिषयको चौथो सेमेष्टरमा र सोही भर्ना समूहको Bachlor of Law (LLB) र Bachelor of Business Science (BBS) कार्यक्रमको दोस्रो वर्षमा भर्ना भई नियमितरुपमा अध्ययन गरेका विद्यार्थीहरुलाई विश्वविद्यालयले कुल विद्यार्थी भर्ना संख्याको १०% लाई छात्रवृत्तीका रुपमा उपलब्ध गराउने शिक्षण शुल्क छूटको व्यवस्था अनुसार नेपाल खुला विश्वविद्यालय छात्रवृत्ती वितरण निर्देशिका, २०७५ बमोजिम जेहेन्दार छात्रवृत्ती र गरिब तथा समावेशी छात्रवृत्तीका रुपमा शिक्षण शुल्क छुट लिनका लागि इच्छुक विद्यार्थीहरुले मिति २०७७/११/१३ देखि मिति २०७७/१२/०४ गते सम्म सम्बन्धित सेमेष्टर/वर्षको सत्रान्त बाह्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क वा ग्रेड प्वान्ट सहित तोकिएका कागजातहरु अपलोड गरी विश्वविद्यालयको वेवसाईट ***www.nou.edu.np*** मा रहेको छात्रवृत्ती सम्बन्धी आवेदन फारम पूरा भरी पठाउन यो सूचना प्रकाशन गरिएको छ । छात्रवृत्ति सम्बन्धी विस्तृत जानकारी विश्वविद्यालयको वेवसाइटमा राखिएको "नेपाल खुला विश्वविद्यालय छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका, २०७५" (पहिलो संशोधन)बाट लिन सकिनेछ । **तोकिएको समय अवधि पश्चात प्राप्त भएका निवेदन र तोकिएका कागजातहरु अपलोड नगरेमा साथै पूरा शुल्क भुक्तान गरेको नदेखिएमा छात्रवृत्तिको निवेदनमा कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।**

कमल ढकाल
कुल सचिव

## भर्ना समूह वि.स.२०७५ वर्षे सत्रको चौथो सेमेष्टर र दोस्रो वर्षको छात्रवृत्ति कोटा

**तपसिल**

| सिं.नं | तह र विषय | छात्रवृत्ति वितरण संख्या कोटा संख्या | छात्रवृत्ति कोटा | | | |
|---|---|---|---|---|---|---|
| | | | जेहेन्दार | गरीब तथा समावेशी | | |
| | | | | गरीव | महिला | आदिवासि /जनजाती, मधेशी र पिछडिएको वर्ग(दलित,अपाङ्ग, द्वन्द पिडित र जनआन्दोन घाइते ) |

नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय

केन्द्रीय कार्यालय
मानभवन, ललितपुर, नेपाल

☎: ०१-५००८०४७
०१-५००८०४८

प.सं.:

च.नं.:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | **Master of Business Administration (MBA)** | ३ | १ | १ | १ | |
| २ | **MS in Development Management and Governance (MSDMG),** | ३ | १ | १ | १ | |
| ३ | Bachlor of Law (LLB) | १ | १ | | | |
| ४ | Bachelor of Business Science (BBS) | ५ | २ | १ | १ | १ |

## छात्रवृत्ति सम्बन्धी अन्य जानकारीहरु

क) जेहेन्दार र गरीब तथा समावेशी छात्रवृतिको लागि प्रथम वर्षको सत्तान्त बाह्य परीक्षामा सम्वन्धित तह र विषयमा सबैभन्दा बढी अंक वा ग्रेड प्राप्त गरी उत्तीर्ण विद्यार्थीलाई तोकिएको संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

ख) रितपूर्वक दरखास्त पेस गर्ने विद्यार्थीहरुले गरीब तथा समावेशी सम्वन्धी कागज प्रमाण समेतको आधारमा नियमानुसार समावेशी समूहको योग्यताक्रम कायम गरिनेछ । प्रथम वर्षमा यस्तो कागज प्रमाण पेश गरेकाले पुन: पेश गर्नुपर्ने छैन ।

ग) गरीवको सिफारिस छात्रवृत्ति निर्देशिकामा तोकिए अनुसारको ढाँचामा मिति २०७७/११/१३ देखि मिति २०७७/१२/०४ गते सम्म सम्ममा सम्वन्धित व्यक्ति बसोबास गरेको गा.पा. वा महा/ उप/न.पा ले कारण खुलाई विपन्न आर्थिक अवस्था भएको भनी प्रमाणित गरेको वा नेपाल सरकारको वैधानिक निकायले प्रदान गरेको गरीवको प्रमाण पत्र समावेश गर्नुपर्नेछ ।

घ) गरीब तथा समावेशी छात्रवृत्ति नेपाल सरकारको पूर्ण वा आशिंक अनुदान प्राप्त गर्ने संघ वा संस्था वा विद्यालय वा क्याम्पस वा कार्यालय वा संस्थागत विद्यालय वा निजी क्याम्पस वा दर्तावाल राष्ट्रिय वा अन्तर्राष्ट्रीय गैर सरकारी संस्थामा अधिकृत सरहको पदमा कार्यरत विद्यार्थीले प्राप्त गर्न सक्नेछैनन् ।

कुल सचिव